# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

**२०७८/०२/२५**

**आठौं अधिवेशन**

**(पाँचौं वैठक)**

**बाचन पत्र (रिडिङ्ग पेपर)**

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको पाँचौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, माननीय मुख्यमन्त्री त्रिलोचन भट्टले नेपालको संविधानको धारा १८८ को उपधारा १ बमोजिम म माथि प्रदेश सभाको विश्वास छ भनी स्पष्ट गर्न आवश्यक ठानेकोले विश्वासको मत लिने व्यवस्था मिलाई दिन हुन भनी च.नं. १७१७ मिति २०७८/०२/२३ गतेको पत्रबाट लेखीआएकोले सभामा छलफल गरी "विश्वासको मत प्राप्त होस" भन्ने प्रस्तावलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १४३ को उपनियम) ४ बमोजिम (बक्तव्य सहित सभा समक्ष प्रस्तुत गर्न माननीय मुख्यमन्त्री त्रिलोचन भट्टलाई अनुमति दिन्छु ।

**माननीय सदस्यहरु,**

अब म, उक्त प्रस्ताव माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस्

*(“हुन्छ” भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस्

*(“हुन्न” भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ माननीय मुख्यमन्त्री त्रिलोचन भट्टले पेश गरेको छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

"विश्वासको मत प्राप्त होस्" भन्ने प्रस्ताव माथि छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाई ५ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय दुर्गा कुमारी कामी लाई अनुमति दिन्छु ।**

माननीय सभामुख महोदय सुदुरपश्चिम प्रदेशका पहिलो प्रदेश प्रमुख माननीय मोहन राज मल्ल ज्युको असमायिक प्रति गहिरो दुख ब्यक्त गर्न चाहान्छु म भाव पुण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र परिवारजनमा समवेदना ब्यक्त गर्न चाहान्छु माननीय सभामुख महोदय अहिले बिश्व कोरोनाले कहरमा छ हाम्रो देश पनि अछुतो छैन अझै हाम्रो सुदुरपश्चिम प्रदेशमा झन ठुलो दुख र पिडा खप्नु परेको छ यो अवस्थामा यो कोरोना बाट ज्यान गुमाउने प्रति म भाव पुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु परिवारप्रति म गहिरो समबेदना प्रकट गर्न चाहान्छु र यो कोरोना महामरी नियन्त्रणमा अग्र पंक्तिमा खटेर काम गर्ने सुरक्षा कर्मि स्वास्थ्य कर्मि सम्पुर्ण राजनैतिक दल सम्पुर्ण संघसस्था लगायत यसमा खट्नुहुने सम्पुर्ण प्रति म सम्मान ब्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय नेपालको राजनीतिले अहिले अलि डरलाग्दो अवस्था निम्त्याएको छ हामीले राष्ट्रिय राजनीतिको बिषयमा सवैलाई अवगत नै छ प्रतिनिधि सभा २ पटक बिघटन भैसकेको छ । फेरि पनि सरकारको अस्थिरता राजनीतिलको अस्थिरता बिखण्डन राष्ट्रको अहित हुने खालका गतिबिधिहरु तिब्र रुपमा बढिरहेका छन त्यसो भएको कारणले यो सुदुरपश्चिम प्रदेशमा राष्ट्रिय ले केहि पनि असर नपारोस भन्ने हाम्रो पार्टिको तर्फवाट र ब्यक्तिगत तर्फवाट पनि हामिले यो संकल्प गरेको कुरा पनि म सभामुख म,होदय मार्फत यो गरिमामय सदनमा जानकारि गराउन चाहान्छु । माननीय सभामुख महोदय हाम्रो पार्टि नेकपा एमाले संसदिय दलले हामी २ पटक सम्म बैठक बसेका छौ अहिलेको बिषम परिस्थित राष्ट्रिय राजनीति र सुदुरपश्चिम प्रदेशमा देखियका केहि साना समस्याहरु र अहिले प्रमुख भनेको कोरोना महामारीको नियन्त्रण र रोकथाम केसरि गर्न सकिन्छ भन्ने बिषयमा गम्भिर भएर छलफल गरेको छ र अब आउने दिनमा सुदुरपश्चिम प्रदेश सरकारलाई कसरि अगाडि बढाउने र सबै भन्दा पहिला जनताको जिउ धनको सुरक्षा गर्नको लागि सरकारलाई सकारात्मक सल्लाह दिने भन्नेमा हाम्रो पार्टि नेकपा एमाले को बैठकले निर्यण गरेको छ र जहा सम्म सुदुरपश्चिम प्रदेशका माननीय मुख्य मन्त्री त्रिलोचन भट्ट ज्यूले यो सदनमा बिश्वासको मत लिनका लागि संवैधानिक व्यवस्था अनुसार जुन पेश गर्नु भएको छ यसमा हाम्रो पार्टि नेकपा एमाले लेर यक मतका साथ निर्णय गरेको अहिलेको राजनीतिक स्थिति र अहिलेको बनेको सरकार र भावि बन्न सक्ने सरकारको परिबिषयलाई पनि मध्यनजर गरेर हामीले यो सरकारलाई बिश्वास को मत दिने भन्ने गरेको छ यो ,म जानकारि गराउन चाहान्छु र यसको साथसाथै सरकारमा रचनात्मक सुझाव र सरकारमा हाम्रो उपस्थिति बढायर अझै जनताको हितमा बिशेष गरेर कोरोना महामारीलाई जित्नको लागि यो बिकास निर्माणका कामलाई अहिले प्राथमिकरण गरेर अहिले हामीले चुनाबमा गरेका घोषणा पत्र अनुसार काम गर्न भन्न पनि निर्णय गरेको छ त्यो भएको कारणले पनि म यो सुदरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री को विश्वासको मतको लागि राखेको प्रस्ताव छ त्यो प्रस्तावको समर्थन गर्दै यो सशदिय दलको निर्णय

अनुसार सम्पुर्ण माननीय सदस्यहरुले हामीले बिश्वासको मतमा गर्ने बैठकले निर्णय गरिसकेको छ यो कुराहरु जानकारि गराउदै आगामि दिनमा सरकारले निति कार्यक्रम बजेट ल्याउदै छ यो जनमुखि बिसेस गरेर कोरोना महामारिवाट वचाउनका लागि यसमा बिशेस प्राथमिकता मा राखेर काम गर्ने छ भन्ने विश्वासका साथ आफ्ना भनाइ टुङ्ग्याउछु धन्यवाद नमस्कार अभिवादन ।

**माननीय अक्कल बहादुर रावल**

माननीय सभामुख महोदय अत्यन्तै कालो रातभित्र पनि चम्किलो ताराहरु चम्किरहन्छन त्यो भित्र पनि उज्यालो क्षितिजहरु पनि हुन्छन त्यसैले हामीले उज्यालो संशारको खोजिमा राम्रो कुराको खोजिमा हाम्रा पाइलाहरु हाम्रा प्रयत्न हरु निरन्तर जारि राखु पर्छ राष्ट्रिय राजनीतिमा बिभिन्न खालका उतार चढाब बिच हामी सुदुरपश्चिम बाट एउटा सन्देश दिन खोज्दै छम कि हामी अस्थिर राजनीतिको फोहोरि खेलमा छैनौ हामी सुदुपश्चमलाई स्थिर र समृद प्रदेश बनाउने एउटा संकल्पका साथ हामी अगाडि बढेका छौ भन्ने कुराको सन्देश नेपाली राजनीति सिँहदरबार वरिपरिको फोहोरि राजनीतिले थाहा पावस । यसलाई सन्देश दिनका लागि पनि बिश्वासको मतको प्रस्तावले सबैलाई एउटा खालको सबक सिकाउने छ भन्ने खालको महसुस भएको छ त्यसैले तपाइ हमी सबैले देखेका छौ हामीले बिभिन्न खालको परिवर्तन २००७ सालको परिवर्तन त्यसले निम्त्याएका परिवर्तन हरु २०४६ सालको परिवर्तन र संविधानलाई अक्षरांस पारित गर्न नसक्दा खेरि त्यहा उत्पन्न भएका समस्याहरु र २०६२सालको आन्दोलन ०६३/ पछि बनेको संविधान र् त्यो संविधानलाई कार्यान्यवन गर्ने पक्षमा जुन खालको हर्कतहरु नेपाली राजनितिको क्षितिजना देखियको छ ति समस्याहरु हाम्रो प्रदेशबाट एउटा गतिलो उदाहरण दिनका लागि पनि हामीले बिश्वासको पक्षमा मत दिन जरुरि छ एउटा खालको परम्परागत राजनीति जुन खालको परम्परा छ लोकतान्त्रिक व्यवस्था पनि भन्दछौ तर यसलाई नेतृत्व तहबाट नै फोहोरि खेल गर्ने संविधानको धज्जि उडाउने खालको जुन परिपाटिको बिकास हुदै छ । यसको लागि पनि हामी सुदुरपश्चिमवाट संघिय गणतन्त्रवाट संघ र प्रदेशको एउटा खालको गरिमा छ यसलाई जोगाउनका लागि पनि यो संकल्प प्रस्ताव आएको छ जस्तो मलाई लाग्छ यसलाई कार्यान्वयनको पक्षमा पनि यसलाई कार्यान्यवन गरेर लैजाने र सवैको साझा एजेण्डा भनेकै स्थिरता हो स्थिर सरकार हो र यसको कार्यान्वयन नै हो भन्ने माननीय मुख्यमन्त्री त्रिलोचन भट्टले यस प्रदेश सरकारमा स्थिरतका निम्ति प्रदेश सरकारको स्थिरताका लागि र यसको बिकासका लागि सुदुरपश्चिम प्रदेश सरकार पुर्ण बिश्वासका साथ सबैलाई बिश्वासमा लिएर अगाडि बढिराखेको छ भन्ने सन्देश दिनका लागि बिश्वासको मत दिनका लागि जुन प्रस्ताव यहा पेश गर्नु भएको छ यस प्रस्तावको पक्षमा नेपालको संविधानको धारा ८८ को उपधारा १ र सुदुरपश्चिम सभआ नियमावलि २०७७ को दफा ४३ को नियम १३३ को उपनियम २ बमोजिम प्रदेश सभामा छलफल गरि बिश्वासको मत प्राप्त होस भन्ने जुन प्रस्ताव छ यसका लागि हाम्रो नेपाल कम्युन्स्ट पार्टि ने क पा माओवादि केन्द्र को बैठकले यसको पक्षमा मत गर्ने निर्णय पनि गरेको छ र यसका साथ साथै सम्पुर्ण राजनीतिक दलहरु हामी एक ढिक्का भएर अगाडि बढ्नका लागि पनि यसले

प्रश्सत मार्गदर्शन गर्ने छ भन्ने कुराको बिश्वसका साथ म यसको पक्षमा मतदान गर्न म सम्पुर्ण यस प्रदेश सभाका माननीय सदस्यहरुलाई अनुरोध गर्न चाहान्छु र बिदा हुन चाहान्छु धन्यवाद नमस्कार ।

**माननीय गोविन्द राज वोहरा**

माननीय सभामुख महोदय आज मुलुक कोरोना महामारीले आक्रान्त भएको छ ।यस्तो अवस्थामा हामी प्रदेशको सभा सञ्चालनमा अघि बढिराखेका छौं हाम्रो प्रदेशमा यसको । कतिपय मानिसहरु दिबङ्गत भएका छन मृतक आत्मा प्रति समवेदना प्रकट गर्न चाहान्छु ।र सँगसँगै आज प्रदेशको छलफलमा यो हाम्रो बिशेस परिस्थित आएको छ हामी प्रदेश राजनितिक एजेण्डामा अगाडि बढेका छौं सरकारले बिश्वासको मत माग्ने क्रममा प्रस्तुत भएको छ त्यसको बिषयमा छलफल गर्न आज गैरहेका छौं । साच्चिकै यो मुलुक दयनिय अवस्थामा छ । कोभिडले आज | आक्रान्त भएको अवस्थामा देशमा लाज लाग्दा फोहोरि खेलहरु भएका छन । देश एउटा बाटोमा हिड्नुपर्ने मा त्यो बाटो बन्द गरियको छ र राजनिति खेलमा अगाडि बढेको छ । त्यो बाटो प्रयोग गर्नु पर्ने अवस्था हाम्रो अगाडि आएको छ पटक पटक संविधानमा आक्रमण भएको छ । र यहि २०३६ सालदेखि हामीले देखि सक्यौ २०४६ साल आयो २०६२को जनआन्दोलन ०६३/ राजनितिक घटना हरु कति किसिमले अगाडि बढ्दै गय देश गणतन्त्र मा गयो । यो देशमा गणतन्त्र आयो त्यसपछिको चुनावमा झण्डै झण्डै २; बहुमत ३/लिएर नेकपा पार्टिले नेकपाले सरकार चलाउने भनेर साच्चिकै नेपाली जनता ढुक्क भएका हुन । २को ३/ सरकार किन अलमल मा पर्ला किन मुलुकलाई अगाडि नबढाउला किन यो देशको बिकास नहोला भन्ने आशा बोकेकै हो तर ३४ बर्षको अवधिमा हामी निराशामा परिणय भयौ आज अध्यादेशको देश बनाएको छ कानुन यकातिर छ संविधान यकातिर छ मुलुकको राष्ट्रियता धरापमा परेको छ कार्यक्रम सञ्चालन गरेको छ । गैरकानुनि रुपले अगाडि बढेको छ । काम चलाउ प्रधान मन्त्री भएका छन क्याबिनेट गठन गरेका छन र यसरि मलुक बन्न सक्दैन यो प्रजातान्त्रिक आचरण पनि होइन नेपाली कांग्रेस प्रजातान्त्रिक आचरणको क्रियाकलाप यदि अगाडि बढ्न सकेन भनेर त्यसको बिरुद्धमा नेपाली कांग्रेस ऊभियको छ नेपाली कांग्रेसको ईतिहास त्यो हो नेपाली कांग्रेस धेरै कुरा सोचेर अगाडि बड्छ । प्रजातन्त्र बलियो बनाउनका लागि र देश बलियो बनाउनका लागि २०३६ सालमा जनमत संग्रह हुदा खेरि ४लाखले बहुदल हारेको थियो । बि पि कोइराला ५.लाई भन्न गयका थिय ईभन ठुला कम्युनिष्ट नेताहरु जनमत संग्रहमा धादलि भयो पुन आन्दोलन गर्नुपर्छ बिपिले मान्नु भएन तपाइहरु प्रजान्त्रिक हो कि होन यदि हो भने जे परिणाम आयो त्यो स्विकार गर्नु प्रछ त्यस्को छिनोफानो पछि गरौला । हारलाई पनि स्विकार गर्न प्रजातन्त्र बादिले जान्नुपर्छ भनेर त्यो आन्दोलन रोकेको हो यदि त्यो बेला आन्दोलन भएको भए साच्चिकै मुलुक झन ठुलो खति हुन्थ्यो नेपाली कांग्रेस त्यसरि सुजबुज भएर अगाडि बढेको छ तर यहा मुलुक कोभिड ले महामरिको बेला अध्यादेश ल्यायर मुलुकलाई बिभिन्न कारणले भुमुरोमा हालेर चलाउने प्रकृया अगाडि बढेको छ त्यसैले आज प्रजातन्त्र बादिहरु यक ठाउमा उभियर बस्ने अवस्था आएको र त्यहि लेभलमा आज केन्द्रमा पनि यो राष्ट्र घाति कदम अगाडि बढिराखेका छन यसका बिरुद्धमा एउटा नया राजनीतिक परिवेश शुरु भएको छ त्यो राजनीतिक

परिवेशले मुलुक लाई बचाउनु पइर्छ यो मुलुक बच्नु पर्छ किनभन्दा खेरि ब्यक्तिको स्वार्थ होला पार्टिको स्वार्थ होला तर ब्यक्तिले पार्टिको सवार्थ र त्यो भन्दा माथी ब्यक्तिको स्वार्थ हेरेर काम गर्नु पर्ने अवस्था आएको छ । त्यसैले नेपाली कांग्रेस त्यसमा गयको छ त्यसैले भन्ने कुरा सोच्नु जरुरि छ लिम्पियाधुराको एउटा निर्णय गरे एउटा राष्ट्रियताको कुरा आएको छ नेपाल यकमुष्ठ यक ठाउमा उभियको थियो तर आज क्याबिनेट बाट निर्णय गरेर आज दुहुमको निहु बनाएर पर्बत नै निर्णय हुन्छ यस्तो अवस्थामा मुलुक पुर्याएको छ यसले देश बलियो हुन सक्दैन । भ्रष्टाचार व्याप्त छ भ्रष्टाचारको जति कुरा उठे पनि अहिलेको केन्द्रिय सरकार सुन्दैन । देशब्यापि यो बढेको छ यसलाई शुन्य सत्ताको खेलमा जनमत होइन सांसद खरिद बिक्रि मात्र होइन सरकार लागेको छ । यो क्रियाकलापले यो मुलुकलाई यो समाजलाई कहा पुर्याउछ यो अवस्था हाम्रो अगाडि छ यसलाई चिर्नुपर्ने अवस्था साच्चिकै छ यो आज प्रदेशमा हामी यहा पुगेका छौ| प्रदेशमा जति गर्न सक्न पर्ने हो यहाको सरकारले गर्न सकेको छैन हामी रचनात्मक तरिकाले यो सरकारलाई सल्लाह सुझाव र बिरोध सब गरेका छौ यो ३ बर्षमा यो क्रियाकलाप हामीले गर्यो सरकारलाई सहि बाटोमा हिडाउनका लागि र त्यसले यो प्रदेशको उनयो नति कसरि हुन्छ र यहाको बजेट\ प्रदेशको उन्नतिका लागि कसरि हुन सक्छ भन्ने कुरमा हाम्रो रचनातमक सहयोग यो सरकार\लाई भएको हो तर बिगतका दिनमा ति कुरा हरु कति बन्न सके कति बन्न सकेन ति हाम्रा सामुन्यमा छर्लङ्ग छन । आज पनि हामी कोभिडको कारणले आक्रान्त छौ सुदुरपश्चिम झन ज्यादा आक्रान्त छ । यसका बिषयमा यो सरकारले सोच्नुपर्ने जरुरि भएको छ र छिटो भन्दा छिटो यसका ब्यवस्थाहरु गर्नु पर्ने कुराहरु हाम्रो सामुमा चुनौतिका रुपमा आएको छ तर त्यसका साथै एउटा कुरा के हो भने सरकारले गर्नु पर्ने कुरा हरु जे जति छन त्यसमा सन्तृष्टि असन्तृष्टि आउला तर सरकारले गर्ने क्रियाकलाप जनताको माझमा पुर्याउनका लागि नेपाली कांग्रेस कहिल्यै पछाडि हट्दैन रयो सरकारले आगामी दिनमा कमसेकम आगामी दिनमा पारदर्शि ढङ्गले काम गरोस । भ्रष्टाचार मुक्त समाज निर्माण गरोस यदि कहि कतै भ्रष्टाचार भएको छ भने त्यसलाई निर्मुल गरोस ३ बर्षको शासन काल के भयो हामिले देखेका छौ तर सरकारले एउटा जमर्को गर्नु पर्छ भ्रष्टाचार बाट मुक्त बनाउनु पर्छ यो सुदुरपश्चिम प्रदेशलाई त्यसमा अडिग हुनाका लागि नेपाली कांग्रेस बाट के सहयोग चाहिन्छ हामी गर्न तयार छौ त्यसका लागि तयार छौ तर अन्यथा प्रकृयामा यो सरकार जान थाल्यो भने हामीले पनि सोच्न पर्ने अवस्था हुन सक्छ त्यसका लागि हामी तत्पर छौ र सरकारलाई म अनुरोध गर्न चाहान्छौ आगामी दिनमा भ्रष्टाचार मुक्त समाज पारदर्शिता सबै कुरा अनुसरण गरेर तपाइहरुले अगाडि बढ्नु भयो भने तपाइहरुका साथमा हामी छौ हामी सहयोग गर्ने छौ र सहयोगको प्रतिबद्धता ब्यक्त गर्न चाहान्छु धन्यवाद

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय यस्तो नेपालमा जन्मिएको छ बडा दुखका साथ भन्नु पर्छ हाम्रो देश मा पटक पटक हाम्रो नेपालको आकाश माथि कालो बादल उठिरहेको छ  हाम्रो देश नेपालमा शान्ति होस भनेर आन्दोलन भए जनआन्दोलन भए ठुलै मारकाट पनि भए हजारौ सङ्ख्यामा हाम्रा दाजुभाइ दिदि बहिनि

सहिद भए हुनुपर्ने अवस्था भयो राजाको मितिसम्म न्ति आवस आजको दिनसम्म जुन खालको देशमा शा| समृदि आवस यो देशमा शान्ति जनजातिहरुको उत्थान होस भन्ने आशा र अपेक्षा थियो त्यो पुरा हुन सालमा जब २०७४ खका साथ हामीले भन्नै पर्छ सभामुख महोदय हामी संघियताको:सकेको छैन यो दु हामीलः चुनाव लड्यौ जब ०६४ सालको चुनावले पुरा गर्न सकेन त्यो चुनाबले देशमा संबिधान ल्यायो त्यो चुनावले हाम्रो देश नेपालका सम्पुर्ण जातजाति सकेन । अहिले पनि हाम्रो देशमा यो संविधानलाई शंशोधन गर्नुपर्छ भन्ने ठुलो आवाज उठिरहेको छ हामी हुन त सुन्ने गर्छौ ९०ले सिग् %नेचर गरेर संसारकै उत्कृष्ट हो भन्ने गर्छौं तर त्यो भित्र बाट स्विकार गर्ने आधार छैन अहिलेको मधेशका होस या अरु सहज ढङ्गले सबै कुरालाई स्विकार गर्न सकेको अवस्था छैन सभामुख महोदय । पछिल्लो चरणमा हाम्रो देश नेपालमा हामी भण्ने गर्छौं सुन्ने गर्छौं कि संविधान माथि चाहि अन्याय भयो अत्याचार भयो बलत्कार भयो कहिले काहि त हामी कसैको मुखबाट सुन्ने गर्छौं । घाटि थिच्ने काम भयो हाम्रो देश नेपालको बिगत हेर्ने हो भने बिगतका प्रधानमन्त्री हेर्ने हो भने प्रधानमन्त्री हरुले यो खालको संविधानको उपहास गरेको पाउछौ । त्यसकारणले मैले अस्ति पनि भनेको थिय हाम्रो देश नेपाल यस्तो देश हो जहा तिक्रम ताल जेलझाल ले गाजियको देश यस्तै चल्ने हो भने मलाई लाग्छ हामी जे भए पनि यो देश लाग्दै छ मलाई म मेरो अनुमान मा करिब करिब अझै पनि हाम्रो देश नेपालको राजनीति सुध्रिदैन जस्तो लाग्छ बिभिन्न पिस्थितिमा हामी जि रहेका छौ गुज्रिरहेका छौ बाँचिरहेका छौ कोरोनाले संसारलाई हल्लाई रहेको छ सके हाम्रो देश नेपाल त सानो देश गरिब देश त्यसकारणले हाम्रो देश पनि यो कुराबाट अछुत हुन सकेन त्यसकारणले नेपालीहरुले त्यो संघिय सरकार होस त्यो प्रदेश सरकार होस भन्ने थियो तर जुन खालको लडाइ लड्नु पर्ने थियो त्यता तिर हाम्रो ध्यान छैन । लडाई राजनितिक कुराहरुमा हाम्रो देश परिरहेको छ र हाम्रो सुदुरपश्चिम पनि त्यहि अवस्थामा छ मैले एउटा थारु जातिको प्रतिनिधित्व गर्ने यकजना प्रतिनिदी मलाई स्मरण भएअनुसार थारु जातिको हाम्रो पहिचान स्थापित हुनुपर्छ हाम्रो संविधानले दिनुपर्छ भन्ने मागेका थियौ राज्य सँग तर सरकारले थारु जातीलाई हरेक पटक अपमान गरेको छ । थारु हरुलाई यो देशमा कुनै पनि राजनितिक दलले हेर्न सकेको छेन छातिमा हात राखेर भित्र बाट हेर्ने हो भने हाम्रो सुदुरपश्चिममा पनि दुखका साथ भन्नै पर:्छ । हाम्रो यो सुदुरपश्चिम प्रदेशमा ०७४ सालको निर्वाचन भैसकेपछि तिनवटा दल यहाँ स्थापित भएको थियो । त्यति बेला नेकपा एमाले र माओबादि मिलेर चुनाब लडे नेकपा भन्ने दल भयो केहि समय पछि ०७५ मा गयर नेपाली कांग्रेस पार्टि अर्को दल र अर्को हामी २ जना सांसद हो यो सवा ३ बर्ष हामीले नाघिसक्यौ पार गरिसक्यौ तर हाम्रो सुदुरपश्चिममा त्यति बेला तेस्रो दल थियो भन्ने हामीले आभास गर्न सकेका छैनौ यो ; सरकारले त्यो गर्न सकेको छैन यो सरकारले यहा राष्ट्रिय जनता पार्टि यहा थियो र अहिले जसपा पार्टि छ भन्ने सरकारको आखाँमा त्यो दल बिल्कुलै छैन कुनै पनि हिसाबले या चौथो दल अहिले त हामी चौथो पुगेका छौ यो छ भन्ने कुनै पनि दृष्टिकोणले अनुभूति दिलाउन सकेको छैन । बिकासका कामला हेर्ने हो भने योजनाका कामलाई हेर्ने हो भने हामी हरेक पटक ३ बर्ष सम्म हामी ठगिएका छौ सरकार माननीय मन्त्रीहरुले हामी सँग धेरै कुरा गर्नु भएको थियो तर त्यो कुरामा मात्र सिमित भयो कहिले पनि

पुरा भएन झुठा आश्वासन दिनु भयो हामीलाई ठग्नु भयो किनभने उहाको आँखाले यहा तेस्रो दल अहिलेको चौथो दल छैन भन्ने भएको छ त्यसकारणले यो प्रदेशमा एउटा दल प्रदेशमा सांसद हुदा पनि हामीले त्यो अनुभूति हरु हामीले पाउन सकेका छैनौ सरकारका गतिबिधिहरु अगि माननीय मुख्यमन्त्री ले भन्नु भयो मलाई अझै १ बर्ष डेढ बर्ष काम गर्ने मौका दिनुस मैले अझै गर्न सक्छु सबैलाई मिलायर काम गर्न सक्छु उहाले भन्नु भयो । सभामुख महोदय यो ३ बर्ष सम्म काम गर्न नसक्ने नेतृत्वले अब १ बर्ष भित्र काम गर्न सक्छ त भन्ने ठुलो प्रश्न उठेको छ माननीय सभामुख महोदय । म,लाई पिडा हुन्छ सभामूक महोदय मैले कुनै बेला यक जना मन्त्री सँग योजनाको फाइललिएर जाँदा उहाले तपाइ ; क ो पार्टिको हो भनेर भन्नु भएको थियो मलाई यो कुरा कहिले पनि बिर्षन सक्दैन मेरो मुटुमा यो गएर बसेको छ । यसमा यो कैलाली जिल्लाको निर्वाचन क्षेत्र न बाट १ .अत्यधिक मत ल्याएर बिजय हुनुभएको सांसदलाई अहिले सम्म तिनै पनि सरकारले यो सांसद हो भनेर चिनेको छैन जेलमा राखेको छ यो थारुहरुलाई मुद्दा लगायको छुँ त्यसकारणले हामीले कुनै पनि सरकार माथि भर पर्ने बिश्वास गर्ने ठाउ छैन माननीय सभामुख महोदय यो सदनमा माननीय मुख्य मन्त्रीले आज जुन म राम्रो सँग यो प्रदेशको गति लिन सक्छु भनेर मलाई यक चोटि फेरि काम गर्ने मौका दिनुस बिश्वास दिनुस भनेर भन्नु भएको छ आजको कुनै पनि बिश्वासको पक्षमा र यसको बिपक्षमा हामी सँग कुरा नगरेको कारणले हामीले बिश्वासको मत दिन सक्ने आधार हामीले पाएनौ छैन र आज मुख्य मन्त्रीले नेपालको संविधानको धारा १८८ को उपधारा १ र सुदुरपश्चिम प्रदेश नियमावलि २०७४ को नियम ४३ को उपनियम १४३ बमोजिम जुन सभामा बिश्वास दिनुस भनि जुन प्रस्ताव राखु भएको छ यो प्रस्तावलाई हाम्रो दलले निर्णय गरेको छ हामीले यो बिश्वासको पक्षमा हामीले मत चाहि दिन सक्दैनौ भन्ने जानकारि गराउदै बिदा हुन्छु नमस्कार धन्यवाद ।

**माननीय सदस्यहरु,**

सको मत प्राप्त होविश्वा"स् भन्ने प्रस्ताव "माथिको छलफल यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब मत्रिलोचन भट्टलाई छलफलमा उठेका प्र माननीय मुख्यमन्त्री ,श्नहरुको जवाफ दिन अनुमति दिन्छु।

माननीय सभामुख महोदय यसमा मैले जुन प्रस्ताव सभामुख मार्फत सदनलाई जुन बिश्वासकोम मतको लागि प्रस्ताव राखेको थिय । र त्यसमा धेरै जवाफ दिनुपर्ने केहि छैन किनभने बोल्ने माननीय हरुले त्यसमा प्रष्ट पारिसक्नु भएको छ र मैले के भन्न चाहान्छु भने माननीय सभामुख महोदय मार्फत संविधानले जुन हामीलाई अधिकार दिएको छ नियमले जुन हामीलाई काम गर्ने अधिकार दियको छ र हाम्रो जुन अहिले सम्म बिधि प्रकृया चलिरहेको छ यो भित्र रहेर हामीले आफ्ना क्रियाकलाप हरु र गतिबिधिहरु अगाडि बढाउने कुरा नै मुख्य कुरा हो र त्यसमा अगाडि बढ्ने कुरा र बढिराखेको कुरा पनि हामीले देखीराखे का छौ र यसमा २ वटा कुराहरु छन मैले अगि पनि राखे र अहिलेको समस्या

अहिलेको चुनौति र हाम्रो कर्तब्य भनेको हामी हाम्रो ब्यवस्था माथि जो जनताले बिशवास गरेका छन अथवा हामी सबैले लामो संघर्ष बाट यो व्यवस्था गरेका छौ यो संविधानलाई ल्यायका छौ र त्यलाई हामी कसरि राम्रो भन्दा राम्रो अर्थात जनताको ईच्छा अनुसार कसरि जान सक्छौ कसरि काम गर्न सक्छौ र संविधानले दियको अधिकारलाई कसरि प्रयोग गर्न सक्छौ भन्ने कुरा नै मुख्य कुरा हो त्यसकारणले आज संविधान हामीले बनाएका छौ र यो संवीधान भनेको सामान्य रुपबाट बनेको संविधान होइन सबैले बुझेका छौ २ पटक नेपाली जनताले आफ्नो प्रतिनिधि चुनेर समावेशिको आधारमा सवै क्षेत्रको प्रतिनिधित्व हुने गरेर प्रतिनिधि चुनेर नै संविधान बनेको कुरा र यो संविधान आफैमा उत्कृष्ट संविधान पनि हो यो अहिलेको हाम्रो मात्र भनाइ होइन बारेमा बुजेका छन र यसको बारेमा चर्चा हुन्छ र त्यसकारणले संविधानमा कसरि बचाउने र यसले दियको अधिकारलाई हामीले प्रयोग गर्ने हो दुरुपयोग हैन त संविधानले दियको अधिकारलाई जन ताको बिकासको लागि जनताको हितको लागि राष्ट्रियताको लागि राष्ट्रिय अखण्डताको लागि र आम नागरिकलाई बाट सुसुचित गर्नकोलागि र त्यो अधिकारलाई प्रयोग गर्नका लागि संविधानलाई प्रयोग गर्ने हो त्यो अनुसार हामी चल्ने हो र त्यो भन्दा बिपरित यदि गयो भने त्यो संविधान बिपरित हुन्छ त्यसकारणले त्यसलाई कायम गर्नको लागि र हाम्रो संसदिय व्यवस्थालाई कायम राखको लागि व्यवस्थाको मुल्य र मान्यताको हाम्रो५ बर्षे कार्यकाल हाम्रो सरकारको ५ बर्षे कार्यकाल र त्यसपछि त्यो अनुसार कुनै सरकारले र सरकारमा बसेको पार्टिले र त्यसमा बसेको पार्टिको मान्छेले सहि काम गर् कि गरेन भनेर जनताले नै जवाफ दिने जुन हाम्रो मान्यता छ त्यो मान्यतालाई अझै स्थिर अजह राम्रो मजबुत र अहिलेको २१ औं सताब्दिमा हिजोको जस्तो लोकतन्त्र होइन हिजोको जस्तो प्रजातन्त्र होइन अहिलेको जस्तो उत्कृष्ट प्रजातन्त्रलाई कसरि स्थापना गर्न सक्छौ कसरि लोकतन्त्रलाई स्थापना गर्न सक्छौ भन्ने कुरा महत्वपुर्ण कुरा गर्छौं र उहाको समक्ष यो कुरालाई मुल सिद्धान्तलाई नै लिएर हामी अगाडि बढेका छौ त्यसकारणले एउटा कुरा म यो राख्न चाहान्छुँ र अर्को कुरा सरकारले बिगतमा काम गर्न सकेन भन्ने कुरा आयो केहि कुरालाई मैले पनि के भन्ने गरेको छु पटक पटक मैले भनिराखेको छु हाम्रो अपेक्षा जनतालाई देखेएको चुनावमा देखायको ठुलो सपना र हाम्रो अहिलेको सासन व्यवस्था र त्यले गर्ने कामकाज र त्यले गर्ने कामकाज र आर्थिक व्यवस्थापनको आवश्यकता बिचको जुन ग्याप छ त्यलाई व्यवस्थापन गर्नको लागि र पुरा गरेर अगाडि बढ्ने क्रममा केहि कतै कमजोरि भएका हुन सक्छन बिकास कम भएको हुन सक्छ केहि कामहरु ढिलो भएको हुन सक्छ रहेका हुन सक्छन तर यसको अर्थ यो होइन कि प्रदेश सरकारले केहि पनि गर्नन सकेन भन्ने कुरा होइन रत त्यलाई क्रमिक रुपबाट त्यलाई सुधआर गर्ने कुरा थप त्यसको चाहेको हो र त्यसको लागि नै मैले सदन समक्ष फेरि मतको आह्वान गरेको हु र त्यसको गरे त्यसकारणले पनि माननीय ज्युहरुले पनि केहि कुरा उठाउनका लागि सुझाव दिनु भएको छ त्यो कुरालाई आत्मासाथ गर्दै आगामि दिनमा सँगै छलफल गरेर उहाहरुलाई सँगै लियर काम गर्ने कुरा रहन्छ र मेरो प्राथमिकता रहन्छ र अर्को कुरा हाम्रो प्राथमिकता नै स्विकार गरेन भन्ने कुरा जुन हाम्रो माननीय ज्युहरुले गर्नु भयो त्यो कुरा होइन संविधानले स्विकार गरेको कुरा हाम्रो कानुनले स्विकार गरेको कुरा जनताले मत दिएर

पठायको कुरा हामीले स्विकार्ने र न स्विकार्ने भन्ने हुदैन यस्ता कुरामा सरकारको कसैले स्विकार गरेर र नगरेर भन्ने हुदैन त्यसकारणले यो कुरा माननीय ज्युलाई म आग्रह गर्न चाहान्छु जनताबाट पुरा गर्न आएका माननीय हुर आफ्ना पार्टिका चुनाव लडेर आएका ब्यक्तिहरुलाई संविधानले मानेको छ कानुनले मानेको छ सरकारले स्विकार गर्ने कुरा रहन्छ र त्यहि अनुसार नै हामीले काम ग्रने कुरा रहन्छ काम गर्ने दिडान मा मैले भनिहाले कहिलेकांहि केहि कमजोरि भएको हुन सक्छ । तर त्यो यलाई नियतमा नजोडेर तर कहिले काँहि के हुदो रहेछ भने नयाँ अभ्यास गर्दै गर्दा कहिले काहि हामीले कल्पना गरेको भन्दा कानुनमा नलेखियका केहि कुराहरु पनि देखिन्छन नेपालमा अहिले पछिल्लो चरणमा काम गर्दै गर्दा त्यस्ता कुरा पनि देखियका छन कसैले भन्छ संविधानमा यहाँ कहाँ लेखियको छ भन्छ संविधानमा सवै चिज नलेखियको हुन सक्छ तर त्यसको व्याख्या के हो भन्ने कुरा लेखेको हुन सक्छ त्यसकारणले कहिले काहि काम गर्ने दौरानमा मनोबव को केहि कमिकमजोरिको कारणले हाम्रो साधनको कमिकमजोरिको कारणले हाम्रो बिगतको संरचना हाम्रो यहाको प्रशासनिक कामगर्ने शैले हाम्रो शुस्त तरिका र हाम्रो बृहत रुपबाट जान पर्ने अहिलेको आवश्यकता र त्यो भन्दा कमि हुन सक्छ यलाई अन्यथा नलिन म आग्रह गर्न चाहान्छु र अर्को कुरा भ्रष्टाचारको कुरा पनि केहि माननीय हरुले उठाउनु भयो यसको म सम्मान गर्न चाहान्छु । भ्रष्टाचार रोक्नका लागि आम नागरिक सहित सवैको साथ एउटा दृढता र साझा एउटा संकल्प हुन जरुरि छ अहिले भ्रष्टाचारको बिषयमा जुन कुरा उठिराखेको छ त्यलाई रोक्नाका लागि सरकार त आफ्नो ठाउमा दृढ छँदै छ गर्ने कुरा  र आम नागरिकलाई भ्रष्टाचार बिरोध गर्ने एउटा अभियानमा सहभागि गरायर समाजमा देखिने जुन यस्तो खालका गतिबिधि छन त्यसलाई रोक्नाको लागि अगाडि बढ्नु पर्ने हुन्छ र त्यसको लागि सरकार तयार छ र हामी सबैलाई साथ लियर जान तयार छौ र मैलै अगि पनि भने सबैलाई यहाको पक्ष बिपक्ष भन्दा पनि यो सदनमा नेतृत्व गर्ने सवै पार्टिलाई सँगै लियर जाने प्रयास मेरो बिगतमा मा पनि रह्यो र अझै पनि रहने छ र तयो प्रयासलाई मैले यकदमै यहाको सदन र सवै माननीय हरुलाई एउटा सुझावलाई लियर अब आगामि दिनमा सकिन्छ अलि सुमधुर कसरि गर्न सकिन्छ सबै सँग सुमधर कसरि गर्न सकिन्छ त्यो एजेण्डा अहिले कोभिडको कुरा रहेको छ यलाई कोभिड सँग लड्नको  लागि कोरोनासँग लडनाको लागि साझा \ एउटा अभियानबनाएर जानाको कारणहरु र यहाको बिकासको लागि चाहिने कुराहरु बिकास निर्माण भएको ठाउहरुलाई अनुगमन गर्ने कुराहरु साझा रुपबाट र भोलि किनै संघिय सरकार सँग केहि कुराहरु हाम्रो सुदरपश्चिमको लागि ठुला कुराहरु माग गर्ने कुरामा साझा रुपबाट जाने कुराहरुमा म यकदमै तयार छु म बचन पनि दिन तयार छु म प्रतिबद्धता पनि गर्न चाहान्छु । ठुला ठुला काम गर्नु पर्ने छ जो प्रदेश सरकार भन्दा बाहिर छन यसको लागि संघिय सरकार सँग राष्ट्रियताको कुरा बिकासको कुरा गरौ चाहे त्यो अन्य यहा जुन  सम्भावनाहरु छन तिनलाई प्रयोग गरेर हामीले यहाको बिकास गर्न सक्छौ । यलाई कसरि व्यवस्थित गर्न सकिन्छ भन्ने कुरामा साझा भनेर हामीले यहाको समग्र बिकासलाई अगाडि बढाउने मेरो प्रपिबद्धता रहन्छ सभामुख महोदय मार्फत म आग्रह गर्दछु मैले छुट्टै कसैसँग मत माग्नु भन्दा पनि मैले यो सदनलाई नै आग्रह गरे यहाहरु सबैले मलाई बिश्वास दिनुस

विश्वासको मत दिनुस भन्ने एउटा बिश्वास सहित म अगाडि ब ढ्ने छु यहि प्रतिबद्धता जाहेर गर्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा मत विभाजन गरी मत संकलन गरिने भएकोले मत विभाजन गर्दाको प्रक्रियाको बारेमा जानकारी गराउदछु ।

(१) विभाजन गर्नु अघि सभाकक्ष बाहिर हुनु भएका माननीय सदस्यहरुलाई सभाकक्षमा प्रवेश गर्ने मौका दिन ५ मिनेटसम्म जनाउ घण्टी बजाइनेछ ।

(२) जनाउ घण्टी बजेपछि सभाकक्ष वाहिर हुनुभएका माननीय सदस्यहरु सभाकक्ष भित्र प्रवेश गर्नु पर्नेछ ।

(३) जनाउ घण्टी बन्द गरेपछि प्रदेश सभा भवनको मूल प्रवेशद्वारको अगाडीको बरण्डा र सोही भवनको पछाडी पूर्वतर्फको बरण्डा खाली गराइनेछ ।

(४) प्रदेश सभा भवनको परिसरभित्र प्रवेश गर्ने र बाहिर जाने दुबै मूलगेट बन्द गरिने छन ।

(५) उल्लेखित मूलगेटहरु बन्द गरिएपछि मतसंकलन कार्य सम्पन्न नहुञ्जेलसम्म बाहिर रहेका माननीय सदस्यहरु लगायत कसैलाई पनि सभाकक्ष एवं उल्लेखित बरण्डाहरुमा प्रवेश गर्न दिइने छैन ।

(६) प्रदेश सभा भवनको पछाडी पूर्वपट्टी रहेको बरण्डामा दुई ठाउमा माननीय सदस्यहरुको वर्णानुक्रमानुसारको नामावली राखिएका छन् ।

(७) (क) यस प्रस्तावको पक्षमा हुने अर्थात् "हुन्छ "भन्ने पक्षका माननीय सदस्यहरु प्रदेश सभा भवनको मुल प्रवेशद्वारबाट प्रवेश गरी पछाडी बरण्डामा दक्षिणपट्टी राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ ।

(ख) प्रस्तावको विपक्षमा हुने अर्थात हुन्न भन्ने पक्षका माननीय सदस्यहरु सभा भवनको पछाडी पूर्वपट्टीको ढोकाबाट बरण्डामा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ ।

(८) माननीय सदस्यहरुको सहयोगको लागि दुबैतर्फ सचिवालयका अधिकृत कर्मचारीहरु रहनेछन् ।

(९) कुनै माननीय सदस्यले आफ्नो मत सच्याउन चाहेमा मतदान कार्य सकिएको ३ मिनेटभित्र माग गरेमा सच्याउन दिइनेछ ।

**माननीय सदस्यहरु,**

अब ५ मिनेट जनाउ घण्टी बजाइनेछ ।

अब म, प्रदेश सभा भवन परिसरमा रहेका बाहिरबाट प्रवेश गर्ने र बाहिर निस्कने दुईवटै मूल गेट बन्द गर्न आदेश दिन्छु ।

माननीय सदस्यहरु,

अब माननीय मुख्यमन्त्री त्रिलोचन भट्टले आफुलाई प्रदेश सभाको विश्वास छ भनी राख्नु भएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

१. यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु अर्थात् "हुन्छ "भन्ने पक्षका माननीय सदस्यहरु प्रदेश सभा भवनको मूल प्रवेशद्वारबाट गई पछाडी पुर्वपट्टीको बरण्डामा प्रवेश गरी त्यहाँ राखिएको नामावलीको दस्तखत महलमा दस्तखत गर्नु होला र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु अर्थात् "हुन्न "भन्ने पक्षका माननीय सदस्यहरु प्रदेश सभा भवनको पूर्व तर्फको ढोकाबाट प्रवेश गरी त्यहाँ राखिएको माननीय सदस्यहरुको वर्णानुक्रमानुसारको नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला ।

२. (क) यस प्रस्तावको पक्षमा अर्थात्" हुन्छ "भन्ने पक्षका माननीय सदस्यहरु प्रदेश सभा भवनको मूल प्रवेशद्वारबाट प्रवेश गरी सभा भवनको पूर्वपट्टी राखिएको माननीय सदस्यहरुको वर्णानुक्रमानुसारको नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस् ।

*(प्रवेश गर्न थालेपछि)*

(ख) यस प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षका माननीय सदस्यहरु प्रदेश सभा भवनको पूर्वपट्टीको ढोकाबाट प्रवेश गरी सभा भवन पछाडी पूर्वपट्टी रहेको वरण्डामा राखिएको माननीय सदस्यहरुको वर्णानुक्रमानुसारको नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस् ।

*(प्रवेश गरी सकेपछि)*

*(विभाजनद्वारा मत संकलन गरी सकेपछि)*

**माननीय सदस्यहरु,**

तपाईहरु मध्ये कसैले आफ्नो मत सच्याउन चाहनुहुन्छ भने ३ मिनेटको समय निर्धारण गरेको छु । सो समयभित्र डायसमा आई आफ्नो मत सच्याउन सक्नु हुनेछ ।

*(मत सच्याई सकेपछि)*

*(सच्चाइएको मत गणना गरिसकेपछि)*

**माननीय सदस्यहरु,**

बन्द गरिएका प्रदेश सभा भवन परिसरमा रहेका दुईवटै मूल गेटहरु खोल्न आदेश दिन्छु ।

*(खोलिसकेपछि)*

**माननीय सदस्यहरु,**

अब म, मत विभाजनको परिणाम घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

आजको मतदानमा उपस्थित माननीय सदस्यहरुको संख्या 51 रहेको छ ।

प्रस्तावको पक्षमा अर्थात् "हुन्छ"भन्ने पक्षमा जम्मा 30 मत र प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा 9 मत र मतदानमा सहभागी नभएको संख्या जम्मा  मत रहेको छ । 12

*(प्रस्तावको पक्षमा बहुमत भएमा)*

माननीय मुख्यमन्त्री त्रिलोचन भट्टले आफुलाई प्रदेश सभाको विश्वास छ भनी राख्नु भएको प्रस्तावको पक्षमा जम्मा ३० मत परेको र उक्त संख्या प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमत भएकोले माननीय मुख्यमन्त्री त्रिलोचन भट्टको सरकारले यस सभाबाट विश्वासको मत प्राप्त गरेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अर्को बैठक आजै मिति २०७८।०२।२५ गते मंगलबार दिनको ४:०० बजे बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्दछु ।